मिति:२०८३।०३।०९ गाउँ कार्यपालिकाको बैठक संख्या:२०८२।०८३-०५

आज मिति २०८३।०३।०९ गते मंगलबार दिन विहान ९.०० बजे शान्तिनगर गाउँपालिकाका अध्यक्ष श्री प्रमोद बस्नेत ज्यूको अध्यक्षतामा एवं तपशिलका सदस्यहरूको उपस्थितीमा अध्यक्षको कार्यकक्षमा शान्तिनगर गाउँपालिका गाउँ कार्यपालिकाको आ.व. २०८२।०८३ को पाँचौ बैठक बसी देहायका प्रस्तावहरू छलफल गरी निर्णय गरियो ।

उपस्थिति:

| | | | | |
|---|---|---|---|---|
| | १ | अध्यक्ष | श्री प्रमोद बस्नेत | गाउँपालिका अध्यक्ष |
| | २ | उपाध्यक्ष | श्री प्रेमा कुमारी बुढाथोकी | गाउँपालिका उपाध्यक्ष |
| | ३ | सदस्य | श्री जंग बहादुर पुन | १ नं. वडा अध्यक्ष |
| | ४ | सदस्य | श्री सुनिल वली | २ नं. वडा अध्यक्ष |
| | ५ | सदस्य | श्री मिन बहादुर के.सी. | ३ नं. वडा अध्यक्ष |
| | ६ | सदस्य | श्री गोमान बहादुर वली | ४ नं. वडा अध्यक्ष |
| | ७ | सदस्य | श्री ओपेन्द्र बहादुर रावत | ५ नं. वडा अध्यक्ष |
| | ८ | सदस्य | श्री शेर बहादुर भण्डारी | ६ नं. वडा अध्यक्ष |
| | ९ | सदस्य | श्री तारा बहादुर वली | ७ नं. वडा अध्यक्ष |
| | १० | सदस्य | श्री मीना न्यौपाने | २ नं. वडा सदस्य |
| | ११ | सदस्य | श्री पार्वती घर्ती | ३ नं. वडा सदस्य |
| | १२ | सदस्य | श्री रञ्जिता बोहोरा | ४ नं. वडा सदस्य |
| | १३ | सदस्य | श्री राजकुमारी चौधरी | ५ नं. वडा सदस्य |
| | १४ | सदस्य | श्री सदिक्षा चुनारा | कार्यपालिका सदस्य |
| | १५ | सदस्य | श्री झुपलाल नेपाली | कार्यपालिका सदस्य |
| | १६ | सचिव | श्री भेषराज चन्द | प्रमुख प्रशासकीय अधिकृत |

**सहयोगी कर्मचारी**

| | | | | |
|---|---|---|---|---|
| | १ | सचिवालय सहयोगी (प्रशासकीय अधिकृत) | पुरन चन्द्र आचार्य | शान्तिनगर गाउँपालिका |
| | २ | कमला वली | स.लेखा अधिकृत | शान्तिनगर गाउँपालिका |
| | ३ | निर्मल कँडेल | प्र. का. ले. प अधिकृत | ,, ,, |
| | ४ | काश्मरि भण्डारी | | |

मिति २०८३।०३।०९ गतेको गाउँ कार्यपालिकाको बैठकमा शान्तिनगर गाउँपालिका गाउँ कार्यपालिकाको (कार्य सम्पादन) नियमावली, २०७४ को दफा ८(३) र ९ (१) बमोजिम प्रमुख प्रशासकीय अधिकृत ज्यूबाट प्रस्तुत गरिएको प्रस्तावहरू:

मितिः२०८३।०३।०९

**निर्णयहरू**

गाउँ कार्यपालिकाको बैठक संख्याः२०८२।०८३-०५

**निर्णय नं. १.** क. शान्तिनगर गाउँपालिकाको आ.व. २०८३।०८४ को नीति तथा कार्यक्रम २० औं गाउँसभामा पेश गर्ने निर्णय गरियो

ख. शान्तिनगर गाउँपालिकाको आ.व. २०८३।०८४ को आय र व्ययको अनुमान गरी बजेट सभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. २.** क. शान्तिनगर गाउँपालिकाको आ.व. २०८३।०८४ को आर्थिक विधेयक २०८३, २० औ गाउँसभामा पेश गर्ने निर्णय गरियो।

ख. शान्तिनगर गाउँपालिकाको आ.व. २०८३।०८४ को विनियोजन विधेयक २०८३, २० औ गाउँसभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ३.** रोजगार सेवा केन्द्रलाई रुपान्तरण गरी रोजगार, सिप तथा उद्यमशिलता केन्द्रको रूपमा रूपान्तरण गरी रोजगार, सिप तथा तालिमलाई एकिकृत रूपमा संचालन गर्ने निर्णय गरियो।

**निर्णय नं. ४.**

१. यस शान्तिनगर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत सामाजिक परिचालक सहायक स्तर चौथो तहमा कार्यरत श्री छविलाल के.सी. को आर्थिक वर्ष २०८०/०८१ को अन्तिम लेखापरिक्षण प्रतिवेदन को दफा ३०.२ मा रू १९५२५६।- (एक लाख पन्चानब्बे हजार दुई सय छपन्न रूपैया मात्र) रकम असुल उपर वेरूजु कायम गरेकोमा, निज कर्मचारी छविलाल के.सी. ले पेश गरेका कागजात/प्रमाणका आधारमा असुल उपर गर्न नपर्ने देखिएकोले वेरुजु फछ्यौंट तथा लगत कट्टा गरि नियमित गर्नको लागि महालेखा परिक्षकको कार्यालयमा अनुरोध गर्ने,

मितिः२०८३।०३।०९ गाउँ कार्यपालिकाको बैठक संख्याः२०८२।०८३-०५

**प्रस्तावहरू**

१. शान्तिनगर गाउँपालिकाको नीति तथा कार्यक्रम र आय र व्ययको अनुमान गरी आगामी गाउँसभामा पेश गर्ने,

क. आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम गाउँसभामा पेश गर्न सम्बन्धमा ।

ख. आ.व. २०८३/०८४ को आय र व्ययको अनुमान बजेट सभामा पेश गर्ने सम्बन्धमा ।

२. शान्तिनगर गाउँपालिकाको आर्थिक विधेयक र विनियोजन विधेयक आगामी गाउँसभामा पेश गर्ने,

क. आर्थिक विधेयक २०८३ को सम्बन्धमा ।

ख. विनियोजन विधेयक २०८३ को सम्बन्धमा ।

३. रोजगार, सीप तथा उद्यमशीलता केन्द्र स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा,

४. विविध